नेपाल सरकार
गृह मन्त्रालय

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

# जिल्ला प्रशासन कार्यालय

मकवानपुर

पत्र संख्या:- ०७७/७८
चलानी नम्बर:-

मिति:- २०७८/०३/२४

## मकवानपुरका प्रमुख जिल्ला अधिकारीबाट जारी थप आदेश ।

जिल्लाभित्र कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका सन्दर्भमा मिति २०७८-०३-२० गते प्रमुख जिल्ला अधिकारीद्वारा आदेश जारी गरिएकोमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, मकवानपुरको मिति २०७८-०३-२४ को सिफारिसका आधारमा सो आदेशको बुँदा नं. ३ को ३.२ मा देहायबमोजिम थप गरी संक्रामक रोग ऐन, २०२० को दफा २, कोभिड-१९ संङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम यो थप आदेश जारी गरिएको छ । यो आदेशको बर्खिलाप भए, गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

देहाय:-

१. मिति २०७८-०३-२७ गते आइतवारदेखि मकवानपुर जिल्लाभित्र मात्र यातायात व्यवसायीहरूले देहायका मापदण्डहरू पालना गरी, गराई स्वीकृत सिट क्षमता अनुसार सार्वजनिक सवारी साधनहरू सञ्चालन गर्नसक्ने ।

   क. सवारी साधनहरू विहान ६:०० बजेदेखि बेलुकी ६:०० बजेसम्म मात्र सञ्चालन गर्ने,

   ख. कूल सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,

   ग. सबै यात्रुहरूलाई मास्क अनिवार्य गर्ने,

   घ. सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको अनिवार्य व्यवस्था गर्नुपर्ने,

   ङ. चालक तथा सहचालकले मास्क र भाइजर लगाउनु पर्ने,

   च. सवारी साधनलाई दैनिकरूपमा निसङ्क्रमित गर्नुपर्ने,

   छ. सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा ५ रूपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने,

   ज. मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,

   झ. मयुरी, अटो, टयाम्पो, म्याजिक गते अनुसार जोर बिजोर प्रणालीका आधारमा मात्र सञ्चालन गर्ने ।

२०७८/३/२४
भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी